नगर प्रमुख

# पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पाटन, बैतडी
### सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८३।०३।१० गते नगरसभामा पाटन नगरपालिकाका सामाजिक विकास संयोजक तथा ८ नं वडाका वडा अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक आय र व्यय अनुमान

(बजेट बक्तव्य)

नगर प्रमुख

सभाध्यक्षज्यू तथा सभाका सदस्य ज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक आय व्यय सहितको बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यस नगरपालिकाको अर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु। संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनहरुमा वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।साथै घाईते, अपाङ्ग तथा वेपत्ता पारिएकाहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

हामीले विक्रम सम्बत् को सत्तरीको दशकलाई बिदा गरी असीको दशकमा प्रवेश गरेका छौं । स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बाट जनप्रतिनिधी निर्वाचित भएपश्चात चार बर्ष व्यतित भईसकेको छ । एकातर्फ हामी नगरपालिकाको दोस्रो कार्यकालको चौथो बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं भने अर्कोतर्फ हामी आगामी आर्थिक वर्षको लागि बजेटको तयारी गरी आय र व्यय सहितको अनुमान सभामा पेश गर्न लागेका छौं । नगरपालिकाको समग्र क्षेत्रलाई सम्बोधन गरी समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ प्रत्येक वर्ष असार १० गते भित्र नगरसभामा आय व्ययको विवरण सहितको बजेट पेश गर्नुपर्ने कानूनी व्यवस्था भए बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ को संक्षिप्त आय व्ययको अनुमान सहितको संक्षिप्त बजेट यस गरिमामय सभामा पेश गर्न लागेको छु ।

सिंहदरबारको अधिकार गाउँ गाउँमा पुगेको अनुभूति गराउने जिम्मेवारीमा स्थानीय सरकारहरु रहेका छन ।स्थानीय तहले खर्च गर्नुपर्ने क्षेत्र र जिम्मेवारीहरु अधिक रहेको, आन्तरिक श्रोत अन्त्यांत न्यून रहेको तर संघ र प्रदेशबाट प्रास हुने अनुदान समेत न्यून रहेको तथा हाम्रो जस्तो पहाडी नगरपालिकामा राजश्वका स्रोतहरु पनि न्यून रहेको हुँदा राजश्व र खर्च जिम्मेवारीको बीचमा ठूलो खाडल रहेको छ ।यति हुँदाहुँदै पनि उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा विनियोजन गरी अत्यधिक प्रतिफल प्राप्त गर्नुपर्ने चुनौती हाम्रो सामु विद्यमान रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात दोस्रो स्थानीय निर्वाचनबाट हामी निर्वाचित भईसकेपछि चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र संक्षिप्त बजेट ल्याउने सम्बन्धमा कार्यपालिकाबाट सहमती भई पारीत भएको जानकारी गराउन चाहन्छु । सीमित श्रोत साधनका वावजुत पनि वढी भन्दा वढी जनताका आवश्यकता सम्वोधन गर्ने प्रयास गरेका छौ । सो सम्बन्धमा हाल सम्मको प्रगति ६१.५ प्रतिशत नगर सभाको अधिवेशनमा समेत प्रस्तुत गरिएको स्मरण गराउन चाहान्छु । चालु आर्थिक वर्ष समाप्त भएपछि वार्षिक प्रगती समिक्षा हुने नै छ ।तथापी

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

चालु आ.व. को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट पाटन नगरपालिकाले हासिल गरेका केही महत्वपूर्ण उपलब्धीलाई म यस गरिमामय सभामा राख्न चाहन्छु ।

- शैक्षिक गुणस्तर सुधारका लागि प्रयास गरिएको छ , नमुना बिद्यालय लगायत केही बिद्यालयका बिद्यालय भवन निर्माण भएका छन् भने केही बिद्यालयहरुमा आई.सि.टी. ल्याव र पुस्तकालयको व्यवस्था गरिएको छ ।
- विभिन्न वडा कार्यालय तथा ठुला एवं सडकको पहुँच भन्दा टाढा रहेका वस्तीहरु सम्म सडक विस्तार एवं स्तरोन्नती गर्ने कार्य भएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- योजनाहरुको गुणस्तरियाता कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी वनाईएको छ ।
- न्यायिक समितिलाई बढी जिम्मेवार बनाईएको छ । समितिमा दर्ता भएका अधिकांश विवादहरुको निरुपण छिटो छरितो रुपमा भएको छ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र जवाफदेही बनाईएको छ । जसले गर्दा सेवाग्राहीहरुको पहुँचमा वृद्धि भएको छ र सहजता महशुस गरेका छन् ।
- कृषिलाई आधुनिकीकरण एवं यान्त्रिकरण तर्फ उन्मुख गरिएको छ ।
- पकेट क्षेत्रका आधारमा मकै पकेट, आलु खेती, ओखर खेती र फलफूल खेती विस्तार गरिएको छ ।
- सामाजिक परिचालन, क्षमता विकास एवं सशक्तिकरणका कार्यक्रम सञ्चालन भएका छन।
- हिंसा प्रभावित महिलाहरुलाई परामर्श सेवा, उचित संरक्षण एवं व्यवस्थापनका लागि सहजीकरण गरिएको छ ।
- लागूऔषधको दुरुपयोग, आत्महत्या न्यूनीकर , सामाजिक संजालको दुरुपयोग लगायातका सामाजिक अभियानमामा प्रहरी साझेदारी कार्यक्रम गरिएको छ ।
- प्रत्येक वडामा वडा स्तरीय बालक्लब गठन गरि पालिका स्तरीय बाला संजाल गठन गरिएको छ ।
- पलिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गरिएको छ ।
- युवाहरुलाई अनलाइन डिजिटल बजार तालिम प्रदान गरि व्यवसायमा सहायता गरिएको छ।
- यसै गरि सिंचाई, खानेपानी, झोलुङ्गे पुल, आर.सि.सि. बाटो, घोरेटो बाटो, साना सिंचाई जस्ता योजनाहरुको निर्माण तथा मर्मतका कामहरु भएका छन।
- आधारभूत वार्गका लागी शुद्ध खानेपानी व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीयतहको साझेदारीमा एक घर एक शुद्ध खानेपानी सहित धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

नगर प्रमुख

- पालिका भित्ररहेका अपहेलित बस्तीका नामहरुलाई परिवर्तन गरी सभ्य पहिचानको आधारमा नाम परिवर्तन हर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- पालिका सभ्यताका रुपमा रहेको मुठी दान, आर्थिक दान तथा श्रमदान जस्ता पुण्य कार्यलाई थप प्रोत्साहन दिने र त्येस्ता व्यक्तीहरुलाई सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
- समाजमा सकारात्मक थिति बसाल्न र नागरिकलाई स्वस्थ्य बनाउन **"सधै अरुका लागी बिहान १ घण्टा आफ्नै लागी"** भन्ने नारा सहित निरन्तर योग ध्यान साधना कक्षा संचालन गराउने कार्यलाई निरन्तरता दिईनेछ।
- बिपन्न टुहुरा गरिब तथा जेहेन्दार बालबालिकाहरुकोपताहन पाठन लाई टेवा पुर्याउन स्थापना गरिएको शैक्षिक सामाग्री बैंक संचालन सेवा कार्यलाई निरन्तरता दिईनेछ।
- **"भ्रष्ट्राचार बिरुद्ध शुन्य सहनशीलता हाम्रो प्रतिबद्धता"** भन्ने मूल नारालाई सार्थक बनाउन पारदर्शीता र जवाफ देहिता लाई जिम्मेवार बनाउन निरक्षण तथा नगर स्तरीय अनुगमन कार्यलाई थप ससक्त र प्रभावकारीता बनाउने कार्यको व्यवस्थापन गरिनेछ ।
- पालिका भरिका गरिब बिपन्न नागरिकको स्वास्थ्य उपचारका लागी निशुल्क स्वास्थ्य बिमा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- विभिन्न संघ संस्थाहरु संग समुन्यय गरी कार्यक्रमहरु संचालन गरिएकोछ र त्यसलाई निरन्तरता दिईनेछ।
- विविध कारणले चालु आ.व. २०८२/०८३ भित्र सम्पन्न हुन नसकेका अधुरा योजना तथा कार्यक्रमहरूलाई पूर्णता दिन र प्रचलित नियमानुसारको दायित्व फछ्र्यौट गर्नका लागि बजेटमा पहिलो प्राथमिकता दिईनेछ ।

**यस बजेटका प्राथमिकताहरु देहाय अनुसार रहेका छन ।**

- शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको परिमाणात्मक र गुणात्मक अभिवृद्धि गर्ने ।
- प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधार लगानी गर्ने, उद्घमशीलता, रोजगारी, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम पहिचान तथा न्यूनीकरण गर्ने।
- सामाजिक क्षेत्रमा गुणात्मक सुधार, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच कायम गर्ने ।
- युवाहरुलाई सिप, रोजगार तथा उधमशिलाता जोड्ने ।
- समतामुलक समाज र समावेशी विकासलाई अगाडि बढाउने ।
- गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु**

अब म चालु आर्थिक वर्षमा विनियोजित बजेटको हालसम्मको प्रगति संक्षिप्तमा राख्न चाहन्छु ।

चालु आर्थिक वर्षमा आजका मिति सम्म नगरपालिका चालु तर्फ विनियोजित रु ५३ करोड ६६ लाख ८० हजार ४०३ मध्ये हालसम्म रु. ३४ करोड ७९ लाख ७० हजार ४ सय ७० मात्र खर्च भएको छ । जुन रकम कूल विनियोजनको ६४.८४ प्रतिशत हुन आउँछ ।

त्यस्तै गरी नगरपालिकाको पुँजीगततर्फ कूल विनियोजन रु.१२ करोड ७० लाख १६ हजार ६ सय रहेकोमा हालसम्म रु ३ करोड ७९ लाख ५५ हजार २ सय ३८ खर्च भएको छ। यो खर्च रकम कूल विनियोजनको ५८.१४ प्रतिशत हुन आउँछ । यसरी कूल विनियोजनको तुलनामा नेपाल सरकार र प्रदेश सरकारबाट न्यून रकम निकासा प्राप्त हुनु तथा आन्तरिक आम्दानी कूल अनुमानको करिब ७० प्रतिशतको हाराहारीमा हुनुले नगरपालिकाको कोषमाथि अत्याधिक चाप परेको स्पष्ट अनुमान गर्न सकिन्छ ।

यस परिप्रेक्ष्यमा म पाटन नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को आय व्ययको अनुमान सहितको वार्षिक बजेट यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आ.ब. २०८३/०८४ को यस पाटन नगरपालिकाको आय/व्ययको अनुमानः**

संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण र नगरपालिकाको आफ्नो कर क्षेत्राधिकारबाट संकलन हुने राजश्व अनुमानका आधारमा वार्षिक आय प्रस्तुत गर्न चाहन्छु ।

**१- आय तर्फ :-**

**क) संघीय सरकारबाट प्राप्त अनुदान :**

- वित्तिय समानीकरण अनुदान तर्फ :- रु. ११३२०००००।- (११ करोड ३२ लाख)
- राजश्व बाँडफाँडः- रु. १११२०६०००।- (११ करोड १२ लाख ०६ हजार)
- समपुरक अनुदान :- रु. ९००००००।- (९० लाख)
- विशेष अनुदान :- रु. ७००००००।- (७० लाख)
- शशर्त अनुदान चालु तर्फ :- रु. ३५९५०००००।- (३५ करोड ९५ लाख)
- शशर्त अनुदान पुजिगत तर्फ :- रु. ७५०००००।- (७५ लाख )

**जम्माः-६०७४०६००० /- (६० करोड ७४ लाख ६ हजार )**

नगर प्रमुख

ख) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान :

- समानीकरण अनुदानः रु.१०३६००००।- (१ करोड ३ लाख ६० हजार )
- राजश्व बाँडफाँडः- रु. ३६८३०००।- (३६ लाख ८३ हजार)
- सशर्त पुजिगत अनुदानः रु. २६९०००००।- (२ करोड ६९ लाख)
- विषेश अनुदानः रु.२०५००००।- ( २० लाख ५० हजार)
- समपुरक अनुदान रु. १२९६००००।- (१ करोड २९ लाख ६० हजार )

**जम्माः ५५९५३०००।- (५ करोड ५९ लाख ५३ हजार )**

ग) आन्तरिक आयतर्फ अनुमानित :

- अनुमानित बैङ्क मौज्दातः रु. २५००००००।- (२ करोड ५० लाख )
- आन्तरिक राजश्वः ७५०७५००।- (७५ लाख ७ हजार ५ सय)

**आन्तरिक स्रोत अनुमान जम्मा रु. :- ३२५०७५००।- (३ करोड २५ लाख ७ हजार ५ सय)**

**कूल जम्मा आय अनुमान (क, ख र ग) बमोजिम रु.६९,५८,६६,५००।- ( ६९ करोड ५८ लाख ६६ हजार ५ सय)**

२- व्यय तर्फ :-

यस सम्बन्धि बृस्तित विवरण अनुसूची १ मा समाबेश गरिएको छ ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

माथि उल्लेखित विभिन्न शिर्षक अन्तरगत प्राप्त भएको नगरपालिकाको कूल बजेट रु. ६९ करोड ५८ लाख ६६ हजार ५ सय नगरपालिका र वडातर्फका विभिन्न सेवा र कार्यका लागि व्यय हुने अनुमान गरेको छु । नगरपालिका र वडा कार्यालयतर्फ प्रशासनिक खर्च पुग्ने गरी बजेटको व्यवस्था गरेको छु । नगरपालिका र वडाबाट सञ्चालन हुने कार्यक्रम र योजनाहरुको आवश्यक बजेटको प्रबन्ध गरेको छु। नगरपालिका तथा अन्तर्गतका कर्मचारीहरु , नगर स्वयंसेवक शिक्षक अनुदान कार्यक्रम, विधालय कर्मचारी र बालबिकास सहजकर्ता लगायतका विगतका कार्यलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

नगर प्रमुख

स्वास्थ्य सेवा तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रकम अभाव नहुने व्यवस्था गरेको छ । शिक्षा तर्फ अत्यावश्यक कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरेको छु। युवा तथा खेलकुदको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

कृषि तथा पशु विकासको लागि सशर्त अनुदान तर्फका कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु । नगरपालिका क्षेत्र भित्र विभिन्न समयमा आउने भैपरी घटनाहरु, विपद् एवं महामारीको व्यवस्थापन गर्नको लागि बजेटको व्यवस्था मिलाएको छु । नगरक्षेत्र छाडा चौपायाको समस्या समाधान गर्नको लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवार बनाई व्यवस्थापन गरिनेछ ।

स्वच्छ, सफा र सुन्दर पाटन शहर निर्माण गर्नको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यको लागि बजेटको प्रबन्ध मिलाएको छु । महिला, दलित, जनजाती, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएका वर्गको उत्थानको लागि लक्षित वर्ग क्षमता विकास कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु । लक्षित वर्ग स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु । न्यायिक समितिबाट सम्पादन हुने कार्यमा सहजीकरण गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।

नेपाल सरकारले घोषणा गरेको कर्मचारीको तलबमा समयानुसार परिमार्जन गरि लगिनेछ ।

संघ र प्रदेश सरकारसँग साझेदारीमा सम्पन्न गर्नुपर्ने आयोजनाहरुको लागि समपुरक रकमको व्यवस्था मिलाएको छु । झोलुङ्गे पूल र सडक बोर्डबाट साझेदारीमा सञ्चालन हुने पूर्वाधार विकासको लागि बजेट विनियोजन गरेको छु । लैङ्गिक हिंसा प्रतिकार्य परियोजना र सुरक्षित आवास गृह संचालनका लागी आवश्यक बजेटको व्यवस्था प्रबन्ध मिलाएको छु ।

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन र सुशासन प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

प्रस्तावित बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास तथा उन्नती हासिल गर्न तर्फ सबै सरोकारवालाको सक्रियताको अपेक्षा राखेको छु । यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न सहयोग पुर्याउनु हुने नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, विषयगत समितिहरु, राष्ट्रसेवक

नगर प्रमुख

कर्मचारीहरु, रचनात्मक सल्लाह सुझाव दिनुहुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, निवर्तमान नगरप्रमुख र उपप्रमुख लगायत जनप्रतिनिधी ज्यूहरु, बुद्धिजिवी, पत्रकार तथा अन्य सरोकारवाला सबैलाई बिशेष धन्यवाद दिन चाहन्छु ।साथै सक्रिय सहभागिता र रचनात्मक सुझाव सहित बजेट छलफलमा भाग लिनको लागि नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु ।

अन्त्यमा, पाटन नगरपालिकाको घोषित नीति तथा कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्षमा अधिकतम प्रतिफल हासिल हुने गरी बजेट कार्यान्वयन गर्ने व्यहोरा जानकारी गराउँदछु । पाटन नगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउनु हुने नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बिषयगत समितिका अध्यक्ष ज्युहरु , वडाध्यक्षहरु, सहित सबै कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्य, राष्ट्रसेवक कर्मचारीहरु एवं स्थानीय बुद्धिजीवी, विज्ञ समुदाय, संञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र देश तथा विदेशमा बसेर सामाजिक सञ्जाल माध्यम बाट सुझाव दिनु हुने आम नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस पाटन नगरपालिकाको बजेट कार्यान्वयनको चरणमा समेत सम्बद्ध सबैबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

प्रस्तुतकर्ताः
हरि सिंह बिष्ट (हरिश)
८ नं वडा अध्यक्ष तथा
सामाजिक विकास संयोजक